लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

# लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको स्वास्थ्य संस्थाको सञ्चालन अनुमति/नवीकरणको लागि कार्ययोजना पेश गर्ने सम्बन्धी

## अन्यन्त जरूरी सूचना

## (मिति २०८०/०६/२२)

लुम्बिनी प्रदेशभित्र साविकमा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा सो अन्तर्गतका निकायहरूबाट सञ्चालन अनुमति प्राप्त गरी हालसम्म यस प्रदेशको कानून तथा मापदण्ड पूरा गर्न नसकेका, नवीकरण अवधि भएका र विगतमा विभिन्न मितिमा यस मन्त्रालयबाट शर्त सहित सञ्चालन अनुमति / नवीकरण भएका ***पच्चीस शैय्यादेखि दुईसय शैय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, पच्चीस शैय्या देखि पचास शैय्यासम्मका आयुर्वेद अस्पताल, सोह्र शैय्या देखि चौबिस शैय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, पच्चीस शैय्यासम्मका डाईलाइसिस केन्द्र र पच्चीस शैय्यासम्मका पुनर्स्थापना केन्द्रहरू***ले यस प्रदेशको स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६(पहिलो संशोधन समेत) को दफा १० को उपदफा (४क) बमोजिमको अवस्था भएका स्वास्थ्य संस्थाहरूले यस मन्त्रालयबाट स्वीकृत कार्ययोजनामा तोकिएका विवरण र स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०७७ मा उल्लिखित विवरण र कागजात समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र मन्त्रालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**द्रष्टब्यः** मन्त्रालयबाट स्वीकृत कार्ययोजना https://mohp.lumbini.gov.np/ बाट प्राप्त गर्न सकिने छ।

थप जानकारीको लागि मन्त्रालयको mohp@lumbini.gov.np, फोन नं. ०८२-४०२१३२, ९८५७८५०९२६, ९८५७८४१९२६ सोधपुछ गर्न सकिनेछ।